बैठक नं. १५

आ.व. २०८२/०८३

आज मिति २०८३/२/२१ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | बरिष्ठ लेखा अधिकृत | |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | विवेक पोखरेल | ईन्जिनियर | |
| ५ | अनिल आचार्य | प्रशासकीय अधिकृत | |
| ६ | रवि थनेत | सूचना प्रविधि अधिकृत | |
| ७ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ८ | प्रेम बहादुर सारु | बरिष्ठ प्रशासन सहायक | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

पन्ध्रौं कार्यपालिका वैठक

आ.व.२०८२/०८३

मितिः२०८३/२/२१

समयः विहान ८.०० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्वन्धमा।
२. नदीजन्य पदार्थ सम्बन्धमा।
३. कृषि विकास बैङ्कमा रहेको जमानत रकम फिर्ता सम्बन्धमा।
४. युवा लक्षित एकिकृत कार्यक्रम कार्यान्वयन समिति गठन सम्वन्धमा।
५. सुरक्षित आप्रवासन कार्यक्रम सम्बन्धमा।
६. वजेट विनियोजन सम्वन्धमा

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।
२. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भई राष्टपति चुरे संरक्षण विकास समितिको सहमती प्राप्त भई नदीजन्य पदार्थ उत्खन्न तथा संकलनका लागि मिति २०८२।१२।१६ र २०८३।०१।३१ गते गरी दुई पटक आय ठेक्काको सार्वजनिक सूचना प्रकाशन गर्दा समेत ठेक्का नलागेको र विभिन्न वडाहरुबाट सडकमा भएका खाल्डाखुल्डी पुर्नका लागि नदीजन्य पदार्थ आवश्यक रहेको भनी माग आएकोले गिरुवारी खोला भाग्रा खण्ड ख बाट २४ घण्टाको सूचना प्रकाशन गरी नदीजन्य पदार्थ उत्खन्न तथा संकलन गर्ने।
३. नगरपालिकाको स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम नगरपालिका र कृषि विकास बैंक कावासोती शाखा बीच उद्यमी तथा व्यवसायी तयार गर्नका लागि मिति २०७७ पुष २४ मा भएको सम्झौता बमोजिम लगानी गरिएको कर्जा अधिकतम रकम असुली भईसकेको, बाँकी कर्जा असुलीका लागि रु. ५० लाख ग्यारेन्टिको रुपमा राख्दा सम्झौता बमोजिमको शर्तनामाहरु पुरा हुने देखिएकोले जमानतको रुपमा रहेको रु. १ करोड पचास लाख मध्येबाट जमानतको लागि आवश्यक नरहेको रु.१ करोड कृषि विकास बैंक, कावासोती शाखाबाट फिर्ता माग गर्ने।

४. युवा लक्षित रोजगार, सीप, उद्यमशीलता विकास र प्रवर्धन गर्ने उद्देश्यले आगामी आ.व. २०८३।८४ मा गर्न सकिने कार्यक्रमका लागि अवधारणा पत्र एवम् सो संग सम्बन्धित नीति तथा कार्यक्रमको निर्माण र स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन गर्नका लागि देहायको युवा लक्षित एकिकृत कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने। सम्बन्धित क्षेत्रको व्यक्ति तथा कर्मचारीलाई समितिमा आमन्त्रित गर्न सकिने। साथै समितिका सदस्यहरुलाई कार्यालय समय बाहेकको हकमा प्रचलित कानुन बमोजिम भत्ता उपलब्ध गराउने।

देहायः

| | | |
|---|---|---|
| संयोजक | श्री कृष्ण प्रसाद रेग्मी | शिक्षा अधिकृत |
| सदस्य | श्री ज्ञान प्रसाद भट्टराई | पशु चिकित्सक |
| सदस्य | श्री स्मृति भण्डारी | कृषि अधिकृत |
| सदस्य | श्री अक्षय वाग्ले | कार्यक्रम संयोजक हिकोडेफ |
| सदस्य सचिव | श्री शुभ राना | रोजगार संयोजक |

५. नगरपालिकाको श्रम तथा रोजगार शाखाबाट सञ्चालनमा रहेको सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता, समुदाय सचेतना हरु जस्ता कार्यक्रमहरु र स्वास्थ्य शाखा मातहतबाट सञ्चालनमा रहेको मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद लगायतको समस्यामा समेत उपलब्ध गराउने व्यवस्था गर्दै कार्यक्रम सञ्चालन गर्ने। उक्त सेवा प्रवाहमा खटिने कर्मचारीहरुले मासिक कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखामा पेस गर्ने। सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र त्रैमासिक रुपमा नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा गर्ने। साथै संघीय सरकार, गण्डकी प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा गरिरहेको सेवा प्रवाहलाइ निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्ने।

६. तपसिलका उल्लिखित शिर्षकबाट देहायका कार्यक्रम/ आयोजनाहरुमा बजेट विनियोजन तथा खर्च रकम अनुमोदन गर्ने।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | रकम रु | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | मल्ल टोलमा कुलो मर्मत | ५ | १००,०००।- | सिंचाई मर्मत |
| २ | खाडी कुलोमा ग्याविन लगाउने काम | ६ | २५,०००।- | जल उत्पन्न प्रकोप |
| ३ | चौतारी टोलको गंगोली खोला देखि अठेरी खोला सम्म ग्राभेल तथा स्तरोन्नति | ७ | ५००,०००।- | विपद् व्यवस्थापन |